उच्च अदालत पाटन
प्रेस विज्ञप्ति

मिति: २०७७/०४/३२

कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण सम्मानित सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६/१२/०७ एवं बन्दाबन्दीको आदेश जारी भएपछि यस अदालतको बिभिन्न मितिमा भएको निर्णय बमोजिम काम कारवाही र सेवा प्रवाह हुँदै आएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयले बन्दाबन्दी अन्त्य भएको र जिल्लाभित्र सार्वजनिक यातायातसमेत सञ्चालनमा आएको सन्दर्भमा यस अदालतको कामकारवाही र सेवा प्रवाहको सम्बन्धमा मिति २०७७/०४/२३ मा प्रकाशित विज्ञप्ति सबैमा विदितै छ।

उपत्यकाभित्र र बाहिर समेत संक्रमणको अवस्था बढिरहेको र विभिन्न जिल्ला तथा स्थानीय तहमा निषेधाज्ञा तथा बन्दाबन्दी जारी भएको हुँदा मिति २०७७/०४/२३ मा प्रकाशित विज्ञप्ति समेतलाई मध्यनजर गरी यस अदालतबाट प्रवाह हुँदै आएकोमा सेवामा थप संकुचन हुने गरी व्यवस्थापन गर्नुपर्ने अवस्था रहेकोछ। सो सन्दर्भमा आज यस अदालतका माननीय न्यायाधीशज्यूहरु, कर्मचारीहरु, उच्च तथा विशेष सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ता एवं उच्च अदालत बार एशोसिएशन लगायतका सरोकारवालाहरूसँग छलफल गरियो।

उल्लिखित परिप्रेक्ष्यमा छलफलबाट प्राप्त सुझाव समेतलाई मध्यनजर राखी यस अदालतबाट हाल सम्पादन हुँदै आएका काम कारवाही र सेवा प्रवाह थप संकुचन गरी संक्रमणको जोखिम न्यूनीकरण र निर्धारित स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना हुनसक्ने गरी अदालतका काम कारवाही र सेवा प्रवाह गर्नुपर्ने देखिएकोले सर्वोच्च अदालतको वृहत पूर्ण इजलासको मिति २०७७/०२/१५ को आदेश र सुविधामा प्रतिकूल असर नपर्ने गरी उपत्यकाभित्रका सेवाग्राहीहरु मिति २०७७/०४/०८ देखि बाटोको म्याद बाहेक ३० दिनभित्र हदम्याद, म्याद र तारिखमा अदालतमा उपस्थित हुनुपर्नेको हकमा सोही बमोजिम हुने गरी मिति २०७७।५।१५ सम्म देहाय अनुसार कामकारवाही र सेवा मात्र सञ्चालन गर्ने गरी व्यवस्था मिलाईएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

देहाय

१. बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई गर्ने ।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ अन्तर्गतका निवेदन दर्ता गर्ने ।

३. बैंकिङ्ग कसूर र राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोग पत्र दर्ता गरी बयान र थुनछेक आदेश गर्ने र ती मुद्दामा जरुरी पक्राउ पूर्जीको समर्थन, पक्राउ अनुमति र म्याद थपको कार्य गर्ने,कल डिटेलको अनुमती दिने।

४. कानूनी प्रक्रिया पूरा गरी मुद्दाका पक्ष वा निजको प्रतिनिधि उपस्थित भएमा हदम्यादसम्म नजाने गरी सबै प्रकारका पुनरावेदन (देवानी र फौजदारी) दर्ता गर्ने।

५. न्याय सम्पादनको प्रक्रियामा अधिक समय नलाग्ने मिलापत्र, मुद्दा फिर्ता र तामेली लगायतका काम कारवाही गर्ने।

६. मुद्दाका पक्ष वा कानून व्यवसायी तारेख लिन, नक्कल लिन उपस्थित भएमा प्रक्रिया पूरा गरी नक्कल उपलब्ध गराउने।

शम्भुप्रसाद रेग्मी
उप-रजिष्ट्रार/प्रवक्ता